**शे-फोक्सुण्डो राष्ट्रिय निकुञ्जभित्रको क्षेत्रमा हिउँ चितुवामा गरिएको सेटेलाइट जडान सम्बन्धमा राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागद्वारा जारी गरिएको**

# प्रेश बिज्ञप्ति

नेपाल सरकार (मा. मन्त्रीस्तर) को मिति २०७५/५/१५ गते Ecology and conservation of Snow leopard in Annapurna-Manaslu Landscape and Dolpo Region, Nepal बिषयमा यस विभागको नेतृत्व र राष्ट्रिय प्रकृति संरक्षण कोष तथा WWF नेपालको आर्थिक तथा प्राविधिक सहयोगबाट अन्नपूर्ण-मनास्लु संरक्षण क्षेत्रमा ८ वटा र शे-फोक्सुण्डो राष्ट्रिय निकुञ्ज क्षेत्रमा ४ वटा गरी जम्मा १२ वटा हिउँ चितुवालाई ५ बर्षभित्र Satellite Collar लगाई अध्ययन गर्ने उद्देश्य रहेकोमा यस बर्ष हिउँ चितुवा सेटलाइट सम्बन्धी निर्देशिका तयार गर्ने, स्थलगत कार्ययोजना तयार गर्ने र शे-फोक्सुण्डो राष्ट्रिय निकुञ्ज क्षेत्रमा २ वटा हिउँ चितुवामा सेटलाइट कलार जडान गरी कार्य थालनी गर्ने । आगामी ५ बर्षभित्र स्वीकृत प्रस्ताव अनुसार क्रमश: बाँकी हिउँ चितुवामा पनि सेटेलाइट कलार जडान गर्दै जाने गरी हिउँ चितुवामा अध्ययन अनुसन्धान अगाडि बढाइएकोमा WWF नेपालको आर्थिक सहयोग र यस विभागको नेतृत्वमा शे-फोक्सुण्डो राष्ट्रिय निकुञ्ज, राष्ट्रिय प्रकृति संरक्षण कोष र WWF Nepal का प्राविधिक कर्मचारी टोली खटिई मिति २०७६ कार्तिक ३० गते शनिवार (१६ नोभम्वर, २०१९) का दिन अनुमानित ३ देखि ४ बर्ष उमेरको, ३८ के.जी. तौल भएको **जेदोराङ** नामको बयस्क भाले हिउँ चितुवामा र मिति २०७६/०८/०२ गते सोमवार (१८ नोभम्वर, २०१९) का दिन अनुमानित ४ देखि ५ बर्ष उमेरको, ३३ के.जी. तौल भएको **स्यामलिङ** नामको अर्को बयस्क भाले हिउँ चितुवामा सफलतापूर्वक सेटलाइट कलार जडान गरिएको र सो कलारजडित हिउँ चितुवाहरुको अवस्थिति सम्बन्धी सूचनाको जानकारी नियमितरुपमा आउन थालिसकेको हुँदा सो बिषय सर्वसाधारणको जानकारीको लागि यो प्रेश बिज्ञप्ति जारी गरिएको ब्यहोरा अनुरोध गर्दछु ।

श्री गोपाल प्रकाश भट्टराई

महानिर्देशक

महानिर्देशक

## शे-फोक्सुण्डो राष्ट्रिय निकुञ्जभित्रको क्षेत्रमा हिउँ चितुवामा गरिएको सेटेलाइट जडान सम्बन्धमा राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागद्वारा जारी गरिएको

## प्रेश बिज्ञप्ति

नेपाल सरकार (मा. मन्त्रीस्तर) को मिति २०७५/५/१५ गते Ecology and conservation of Snow leopard in Annapurna-Manaslu Landscape and Dolpo Region, Nepal बिषयमा यस विभागको नेतृत्व र राष्ट्रिय प्रकृति संरक्षण कोष तथा WWF नेपालको आर्थिक तथा प्राविधिक सहयोगबाट अन्नपूर्ण-मनास्लु संरक्षण क्षेत्रमा ८ वटा र शे-फोक्सुण्डो राष्ट्रिय निकुञ्ज क्षेत्रमा ४ वटा गरी जम्मा १२ वटा हिउँ चितुवालाई ५ बर्षभित्र Satellite Collar लगाई अध्ययन गर्ने उद्देश्य रहेकोमा यस बर्ष हिउँ चितुवा सेटलाइट सम्बन्धी निर्देशिका तयार गर्ने, स्थलगत कार्ययोजना तयार गर्ने र शे-फोक्सुण्डो राष्ट्रिय निकुञ्ज क्षेत्रमा २ वटा हिउँ चितुवामा सेटलाइट कलार जडान गरी कार्य थालनी गर्ने । आगामी ५ बर्षभित्र स्वीकृत प्रस्ताव अनुसार क्रमशः बाँकी हिउँ चितुवामा पनि सेटेलाइट कलार जडान गर्दै जाने गरी हिउँ चितुवामा अध्ययन अनुसन्धान अगाडि बढाइएकोमा WWF नेपालको आर्थिक सहयोग र यस विभागको नेतृत्वमा शे-फोक्सुण्डो राष्ट्रिय निकुञ्ज, राष्ट्रिय प्रकृति संरक्षण कोष र WWF Nepal का प्राविधिक कर्मचारी टोली खटिई मिति २०७६ कार्तिक ३० गते शनिवार (१६ नोभम्वर, २०१९) का दिन अनुमानित ३ देखि ४ बर्ष उमेरको, ३८ के.जी. तौल भएको **जेदोराङ** नामको बयस्क भाले हिउँ चितुवामा र मिति २०७६/०८/०२ गते सोमवार (१८ नोभम्वर, २०१९) का दिन अनुमानित ४ देखि ५ बर्ष उमेरको, ३३ के.जी. तौल भएको **स्यामलिङ** नामको अर्को बयस्क भाले हिउँ चितुवामा सफलतापूर्वक सेटलाइट कलार जडान गरिएको र सो कलारजडित हिउँ चितुवाहरुको अवस्थिति सम्बन्धी सूचनाको जानकारी नियमितरुपमा आउन थालिसकेको हुँदा सो बिषय सर्वसाधारणको जानकारीको लागि यो प्रेश बिज्ञप्ति जारी गरिएको ब्यहोरा अनुरोध गर्दछु ।

१३।८।०७६

श्री गोपाल प्रकाश भट्टराई

महानिर्देशक

महानिर्देशक